बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,
Web: https://kavre.ado.gov.np/

# कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक

**कृषि सामाग्री आपूर्ति गर्न सुचिकरण प्रयोजनको लागि शिलबन्दी प्रस्ताव आव्हान सम्बन्धी सूचना**

**सूचना नं ०५/०८२/८३**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/०७**

कृषि विकास कार्यालय, काभ्रेपलान्चोकको आ.व २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार **कृषि विकास कार्यक्रमहरु** संचालनार्थ कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडा, मकवानपुरबाट स्वीकृत कार्यविधि बमोजिम सम्झौता हुने कृषक समुह/सहकारी/फर्महरुलाई उनीहरुको माग एवं औचित्यको आधारमा उपलब्ध हुने कृषि सामाग्रीहरु स्वीकृत बजेटको परिधि भित्र रही तपशीलमा उल्लेखित कृषि सामाग्रीहरु अनुदानमा उपलब्ध गराउन सुचिकरण प्रयोजनका लागि न्यूनतम दरभाउमा आपूर्ति गर्न इच्छुक न्युनतम योग्यता पुगेका आधिकारिक उत्पादक/विक्रेता/फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५औं दिन (मिति २०८२/०८/२१ गते) कार्यालय समय भित्र तपसिलमा उल्लेखित कागजातहरु सहित प्रति इकाई शिलबन्दी दरभाउ प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कार्यवाही हुनेछैन। कृषि सामाग्रीहरुको स्वीकृत प्राविधिक स्पेशिफिकेशन र सिलबन्दी दरभाउ प्रस्ताव फारम यस कार्यालय वा कार्यालयको वेभसाइट https://kavre.ado.gov.np/ बाट डाउनलोड गरि प्राप्त गर्न सकिनेछ ।

**आपूर्ति गर्नुपर्ने कृषि सामाग्री/उपकरणहरुः**

| S.N. | Particulars | S.N. | Particulars |
|---|---|---|---|
| क | **तरकारी/खाद्यान्न बालीका लागि आवश्यक सामाग्रीहरु** | ग. | **च्याउ खेतीका लागि आवश्यक सामाग्रीहरु** |
| 1 | Tunnel Plastic | 1 | सिताके च्याउको बीउ |
| 2 | Insect Net | 2 | कन्ये च्याउको बीउ |
| 3 | Mulching Plastic | 3 | च्याउको घर निर्माण गर्नका लागि प्लाष्टिक |
| 4 | Green Net | 4 | च्याउको घर भुईमा विच्याउनका लागि प्लाष्टिक |
| 5 | White Shade Net | 5 | पराल वफ्याउने अटोमेटिक वोइलर |
| 6 | Crate | 6 | सिताके च्याउको लागि काठको मुडा |
| 7 | Hermetic Bag (For Storage Purpose) | 7 | सिड ड्रिल मेसिन |
| 8 | Pokhari Plastic | 8 | बीउ रोप्ने मेसिन/spawning Machine |
| 9 | Tripal | D | **फलफुल खेती सम्बन्धि सामाग्रीहरु** |
| 10 | Hajari | 1 | सिकेचर |
| 11 | Fitting materials for Tunnel | 2 | प्रुनिङ स |
| 12 | Drip Irrigation Materials | 3 | फल टिप्ने औजार |
| 13 | Automation Materials | 4 | भऱ्याङ्ग |
| 14 | नर्सरी ट्रे | 5 | गार्डेन लुपर |
| 15 | Fogger Set | 6 | निलो तुथो |
| ख | Digital Balance | 7 | चुन |

कुन्ज प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,
Web: https://kavre.ado.gov.np/

# कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक

| S.N. | Particulars | S.N. | Particulars |
|---|---|---|---|
| घ. | **मौरिपालन सम्बन्धि सामाग्री** | | |
| 1 | आधुनिक मौरी घार र गोला सुपर सहति | 3 | महमदानी |
| 2 | आधुनिक मौरी घार मात्र सुपर सहित | 4 | आधार चाका |

**आवश्यक कामजात एवं शर्तहरुः**

१) फर्म/संस्था/कम्पनी दर्ता तथा नवीकरणको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (VAT) / (PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

२) कम्पनीको हकमा कम्पनी रजिष्टर कार्यालयबाट गरिने कम्पनी अध्यावधिक भएको पत्र,

३) आ.व २०८१/०८२ को करचुक्ता तथा लेखापरीक्षणको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

४) सामग्रीहरुको उत्पादक कम्पनीको आधिकारिक बिक्रेता वा Authorized agent/डिलरशिप रहेको प्रमाणपत्र,

५) संस्थाले कुनै सजाय नपाएको वा संस्था कालो सूचीमा नपरेको स्वः घोषणापत्र,

६) सिलबन्दी दरभाउ प्रस्ताव फारममा आपूर्ति गरिने सामग्रीहरुको प्राविधिक स्पेशिफिकेसन खुलाइ प्रति ईकाइ दररेट नेपाली रुपैया अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। सिलबन्दी दरभाउ प्रस्ताव फारम भरी प्रमाणित गरेको हुनुपर्नेछ।

७) मल्चींग प्लाष्टिकको हकमा प्लाष्टिकको माइक्रोन प्रमाणित गर्ने कागजात ।

८) आपुर्ति गर्न सकिने कृषि सामाग्रीहरुको स्पेशिफिकेसन, ब्रान्ड, मोडल, उत्पादक कम्पनी र देश खुल्ने क्याटलग, लिफलेट वा ब्रोसर रुपमा पेश गर्नुपर्नेछ ।

कुल प्रसाद न्यौपाने
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं